दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १०६ | बुटवल | २०८१ चैत ३०, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Apr. 12, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# सरकार ढल्न त के हल्लिँदा पनि हल्लिँदैन : प्रधानमन्त्री



**लुम्बिनी संवाददाता**

*बुटवल*

प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले एमाले सिध्याउँछु भन्ने तत्वहरु असफल भएको जनाउँदै समृद्धि र विकासको यात्रामा कुनै विराम नलाग्ने बताएका छन्।

नेकपा (एमाले) को रुपन्देही जिल्ला कमिटीले बुटवलमा गरेको जागरणसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले एमालेले लिएको समृद्धि र विकासको यात्राबाट तर्सिएर देशी विदेशी प्रतिक्रियावादी स्वार्थी तत्वहरुले एमालेलाई विभाजनको कोशिश गरेको तर असफल भएको टिप्पणी गरे। 'एमालेलाई सिध्याउँछु, केपी ओलीविनाको एमाले बनाउँछु भन्नेहरु सफल हुँदैनन्। म धेरै बाँच्ने होइन, त्यसपछि पनि मभन्दा बलवान नेताहरु पार्टीमा आउनेछन्। यस देशको विकासको भाग्यरेखा हामी आफै कोर्छौं। मान्छेको घरमा आगो लगाएर र पसलबाट चोरेर भाग्नेहरुले क्रान्ति र परिवर्तनका लागि केही गर्न सक्दैनन् ।'-उनले भने।

राजतन्त्र र पञ्चायतकालमा मुलुकमा कुशासन र अव्यवस्था भएकाले जनताको बलिदानीपूर्ण सङ्घर्षबाट ल्याइएको लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन अहिलेको सरकारले आफ्ना सबै प्रयास गरिरहेको बताए। उनले विगतमा आफ्ना कुशासन र निरङ्कुशताको राज सम्झिएर प्रतिगामी तत्वहरुले यस व्यवस्थालाई बदनाम गर्न अराजकता र अफबाह फैल्याउन खोजे पनि त्यसबाट कुर्न विचलित नभई समृद्धि र सुसाशनको अहिलेको यात्रामा योगदान दिन सबैमा आग्रह गरे। अहिलेको आधुनिक समयमा जन्मसिद्ध श्रेष्ठताको सिद्धान्तमा पछि लाग्नु बेक्कार भएको जनाउँदै उनले लोकतान्त्रिक गणतन्त्रलाई सबल बनाउँदै जनताको समृद्धि र विकासलाई तीव्र गति दिन वर्तमान संयुक्त सरकार कटिबद्ध रहेको स्पष्ट पारे। देशका ठुला दलहरु नेपाली काँग्रेस र एमालेले मुलुकलाई स्थायित्व दिन र देशलाई परिवर्तनका लागि सरकार बनाएले यो सरकार (गठबन्धन) आगामी निर्वाचनसम्म जाने स्पष्ट गर्दै भने, "यो सरकार ढल्न त के हल्लिंदा पनि हल्लँदैन।"

प्रधानमन्त्री ओलीले आफ्नो नेतृत्वको सरकारको पालामा लुम्बिनीमा विभिन्न राजमार्ग, अस्पताल, अन्राष्ट्रिय सम्मेलन केन्द्र, ध्यान केन्द्र, कृषि उत्पादन क्षेत्रको विकासजस्ता अनेकै विकास र प्रविधिका योजना र कार्यक्रमहरु ल्याएको अवगत गराए।

ओलीले आन्दोलनरत शिक्षकहरुलाई आफ्नो हित मात्र हेरेर समस्या सामाधान नहुने बताएका छन्। नेकपा एमालेले बुटवलमा गरेको सभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले वार्ताका लागि सरकारले बोलाइसकेकाले शिक्षकहरु सडकमा गएर प्रदर्शन गर्नु नपर्ने बताए।

'समस्याहरु छन् तर सडक प्रदर्शनमा जानु पर्थेन,' ओलीले भने-'शिक्षकहरुले आफ्नो हित मात्रै हेरेर हुन्न,राष्ट्रको हित र आर्थिक अवस्था पनि हेर्नुपर्छ, भावनामा बगेर समाधान हुन्न।' प्रधानमन्त्रीले उपयुक्त शिक्षा ऐन छिटै ल्याउने बताए।

प्रधानमन्त्री ओलीले आफू र नेकपा एमालेलाई बद्नाम गर्न ,अलोकप्रिय भयो भनेर सामाजिक सञ्जालमार्फत् अफवाह फैलाइएको उल्लेख गर्दै त्यस्ता भ्रम तोड्न सक्रिय हुन कार्यकर्तालाई निर्देशन दिए। उनले यी सबै कुराको जवाफ मिसन ८४ ले दिने बताए। 'अफवाह फैलाउन लेख्ने, प्रचार गर्ने,नक्कली भिडियो बनाउने, एआईको प्रयोग गेर बद्नाम गर्ने प्रयास भइरहेको छ,' ओलीले भने-'अलोकप्रय भयो भनेर कुप्रचार र हल्ला गरेका छन्, यी सबै विषयमा अहिले धेरै बोल्न चाहन्न,सबै कुराको जवाफ मिसन ८४ले दिन्छौं।'

प्रधानमन्त्री ओलीले केही शक्तिहरू मसानघाटबाट सड्न थालेको नलिहाड फुफु गर्दै देशलाई पछाडि धकेल्न खोजिरहेकाभ्र टिप्पणी गर्दै अब मुलुक पछाडि नफर्किने र जनता सार्वभौम सत्ता सम्पन्न बाट फेरि रैतिमा नफर्किने बताए।

एमाले सरकारमा रहँदा देश विकासको गतिमा अघि बढेको र सरकारबाट हट्दा विकास पनि हटेको उनले बताए।

सभामा उपप्रधानमन्त्री एवं अर्थमन्त्री तथा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले समृद्धि र सुशासनका लागि प्रधानमन्त्री ओलीको नेतृत्वमा भएका राम्रा कामलाई ओझेलमा पार्ने गरी गरिएका गलत प्रचारलाई चिरेर अगाडि बढ्नुपर्नेमा जोड दिए।

एमालेका सचिव एवं लुम्बिनी प्रदेश इञ्चार्ज पद्मा अर्यालले एमाले र यसको नेतृत्वले देश र जनताका पक्षमा गरेका कामबारे आफूहरु खुलस्त छलफल गर्न तयार रहेकाले विपक्षी र प्रतिगामी पक्षहरुबाट हुने गलत प्रचारको पछि नलाग्न आग्रह गरिन्।

## दुर्गा प्रसाईं पक्राउ



**लुम्बिनी संवददाता**

*बुटवल*

तीनकुनेमा भएको राजावादी प्रदर्शनका मुख्य कमान्डर दुर्गा प्रसाईं घटनाको करिब १५ दिनपछि भारतको आसामबाट पक्राउ परे। नेपाल प्रहरीको आग्रहमा भारतीय प्रहरी टोलीले उनलाई बिहीबार नियन्त्रणमा लिएको थियो।

शुक्रबार पूर्वी नाकाबाट नेपाल ल्याइएका प्रसाईंलाई झापाको चन्द्रगढी विमानस्थलबाट शुक्रबार दिउँसो काठमाडौं ल्याइयो। विमानस्थलबाट सिधै जिल्ला प्रहरी परिसरको हिरासतमा पुऱ्याइएका प्रसाईंलाई प्रहरीले केहीबेरमै म्याद थपका लागि भनेर जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा उपस्थित गराएको थियो।

सरकारी वकिल कार्यालयमार्फत् काठमाडौं जिल्ला अदालत उपस्थित गराइएको थियो ।न्यायाधीश शिशिरराज ढकालको इजलासमा बहस भएपछि अनुसन्धानका लागि पहिलो पटक प्रसाईं र उनका बडीगार्ड दीपक खड्काविरुद्ध १२ दिनको म्याद थप भयो। अहिले उनीहरूलाई परिसरकै हिरासत कक्षमा राखिएको छ।

झापाको बिर्तामोड नगरपालिका-५ का ५४ वर्षीय विवादास्पद व्यक्ति प्रसाईंले पछिल्लो समय राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानको नेतृत्व गर्दै थिए। उनैको महाअभियानलाई जिल्ला प्रशासन कार्यालय काठमाडौंले १५ चैतमा तीनकुनेमा सभा गर्नका लागि अनुमति दिएको थियो।

राजा फर्काउने दाबी गर्दै १५ चैतमा प्रसाईंको नेतृत्वमा तीनकुनेमा प्रर्दशन भयो। तर उक्त प्रदर्शन हिंसात्मक बन्यो। व्यक्तिको घर जलाइए। पसल, मार्ट तोडफोड भए। सवारी साधन जलाइए।

प्रदर्शनमा प्रहरीको गोली लागेर कीर्तिपुरका सविन महर्जन र प्रदर्शनकारीले घरमा लगाएको आगोमा जलेर पत्रकार सुरेश रजकको ज्यान गयो।

प्रदर्शन हिंसात्मक बनेपछि प्रसाईं भने गाडी चढेर भागेका थिए। त्यसैदिन प्रहरीले राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महासचिव तथा सांसद धवल शमशेर राणालाई पक्राउ गरेको थियो। प्रसाईं भने लामो समय फरार हुन भए। अन्ततः अहिले उनी प्रहरी हिरासत पुगेका छन् ।प्रसाईंविरुद्ध शुक्रबार राज्य द्रोहविरुद्धको कसुर र संगठित अपराधको कसुरमा अदालतबाट म्याद थप भएको छ।

ज्यान मार्ने नियतले गाडीले पेलेर अघि बढेको आरोपमा प्रसाईंविरुद्ध ड्युटीमा खटिएका प्रहरीले निवेदन दिने तयारी गरेका छन्। जसका कारण उनलाई ज्यानसम्बन्धी कसुरदेखि ज्यान मार्ने उद्योगसम्मको मुद्दा चल्नेछ।

मुलुकी अपराध संहिता ऐन, २०७४ को परिच्छेद १ मा राज्यविरुद्धको कसुरसम्बन्धी व्यवस्था छ। राज्यविरुद्धको कसुर अन्तर्गतको राजद्रोहको कसुरमा उनीमाथि म्याद थप भएको छ।

संहिताको दफा ५० राजद्रोहको कसुरबारे उल्लेख छ। जसमा 'नेपाल सरकार वा संवैधानिक संरचनालाई पल्टाउने नियतले कसैले सैनिक, अर्धसैनिक वा आपराधिक बलको प्रदर्शन वा प्रयोग गरी कुनै अव्यवस्था उत्पन्न गर्न वा हतियारसहित सैनिक वा अर्धसैनिक संगठन निर्माण गर्न वा त्यस्तो षडयन्त्र वा उद्योग गर्न वा गराउन वा दुरुत्साहन गर्न हुँदैन,' उल्लेख गरिएको छ।

यदि कसैले यस्तो कसुर गरेमा भने २५ वर्षसम्म कैद सजाय हुने व्यवस्था संहितामा उल्लेख छ। अब राजद्रोहको कसुरमा म्याद लिएपछि प्रहरीले उनीमाथि यसका प्रमाणहरू जुटाउनुपर्ने हुन्छ। यसका लागि काम भइरहेको प्रहरीको भनाइ छ।

योसँगै अहिले प्रसाईंविरुद्ध संगठित अपराधको कसुर पनि लगाइएको छ। संगठित रूपमा तोडफोड, हिंसा र आगजनी गरेको भन्दै संगठित अपराधमा समेत अनुसन्धान गर्न अनुमति लिएको हो। तीन जनाभन्दा बढीको समूह बनाएर तीन वर्षभन्दा बढी कैद सजाय हुने अपराध गरेमा संगठित अपराध हुने कानुनी व्यवस्था छ।

संगठित समूहको अगुवालाई समेत अनुसन्धानमा तान्न सकिने व्यवस्था भएकाले प्रहरीले पूर्वराजा ज्ञानेन्द्रलाई समेत दायरामा ल्याउन सकिनेगरी संगठित अपराध निवारण ऐन, २०७० को अनुसन्धान पनि अघि बढाएको हो।

प्रसाईं पक्राउ परेसँगै उनीमाथि अनुसन्धान गर्दा पूर्वराजासम्म पुग्न सकिने आकलन पनि गरिएको छ। यो संगठित अपराधको मूल जरो पूर्वराजासम्म पुगेको अवस्थामा उनी पनि कानुनी दायरामा आउनेछन्।

यता, गृहमन्त्री रमेश लेखकले समेत पूर्वराजालाई संकेत गर्दै अभिव्यक्ति दिएका छन्। 'दुर्गा प्रसाईं पक्राउ परेका छन्। अब को-को आउँछन्, थप खुल्दै जान्छ।'- उनले प्रतिनिधि सभा अन्तर्गतको कानुन न्याय तथा संसदीय मामिला समितिमा भने।

संगठित अपराधको आरोप स्थापित भएमा अरु मुद्दामा हुने सजायको आधा सजाय थपेर कैद गर्न सकिने व्यवस्था छ। तर संगठित अपराधको आरोप अघि बढाउँदा प्रहरीले आरोपितहरूमाथि अपराध गर्ने नियतले नै संगठित समूह बनाएको प्रमाण पेस गर्नुपर्ने हुन्छ ।यसबाहेक प्रसाईंविरुद्ध कुन-कुन कसुरमा अनुसन्धान हुन्छ र मुद्दा चल्छ भन्ने आम जिज्ञासा रहेको छ। यता प्रहरीले भने अहिले नै मुद्दाका विषयहरू किटान गरिसकेको छैन। जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता अपिलराज बोहरा भन्छन्-'म्याद थप भएको छ। अब अनुसन्धान हुँदैछ जाँदा कुन-कुन कसुर खुल्छ सोहीअनुसार मुद्दाको प्रक्रिया अघि बढ्छ।'

प्रहरीले औपचारिक रूपमा यो विषयमा मुख नखोले पनि प्रसाईंविरुद्ध ज्यान मार्ने उद्योगको कसुरमा समेत अनुसन्धान अघि बढ्ने निश्चित भएको छ। तीनकुनेमा सुरक्षाकर्मीलाई मार्ने नियतले गाडीले पेल्दै अघि बढेको आरोप उनीमाथि छ।

ज्यान मार्ने नियतले गाडीले पेलेर अघि बढेको भन्दै उनीविरुद्ध ड्युटीमा खटिएका प्रहरीले निवेदन दिने तयारी गरेका छन्। 'त्यस दिन ड्युटीमा खटिएका प्रहरीले ज्यान मार्ने उद्योगको कसुरमा निवेदन दिने तयारी छ। त्यसपछि ज्यान मार्ने उद्योगको कसुरमा पनि अनुसन्धान हुन्छ,' परिसर स्रोतले भन्यो।

## 'प्रदेश र स्थानीय तहको निजामती सेवालाई प्रभावकारी बनाउँछौं'



बुटवल। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश र स्थानीय तहको निजामती सेवालाई प्रभावकारी बनाउन सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको बताएका छन्। शुक्रबार नेपाल निजामती कर्मचारी संगठन लुम्बिनी प्रदेशको आयोजनामा बुटवलमा भएको कार्यक्रममा बोल्दै मुख्यमन्त्री आचार्यले ऐन, कानुन र नियमावलीमार्फत् निजामती सेवालाई प्रभावकारी बनाउन प्रदेश सरकारले ध्यान दिएको र सोही अनुसार काम भइरहेको जनाए।

उनले प्रदेश तहबाट नै सचिव राख्न सक्ने व्यवस्थालाई संस्थागत गर्न पहल जारी राखेको समेत बताए। 'तपाईंहरू मध्येबाटै प्रदेश सरकारका सचिव बन्नुपर्छ भन्ने मान्यता राखेर सरकार अघि बढेको छ,' भने-'प्रदेश तहमा निजामती सेवामा आकर्षण बढाउन ध्यान दिएका छौं। कर्मचारीको मनोबल उच्च राखेर नै समृद्ध प्रदेश बनाउन सकिन्छ।'

रिक्त पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमार्फत् प्रक्रिया अघि बढेको तर प्रशासन सेवातर्फ अदालतमा मुद्दा परेका कारण विज्ञापन हुन नसकेको भनाइ उनको छ। 'कहाँ मिलेको छैन, त्यहाँ सरकारले मिलाउन तयार छ। कर्मचारी साथीहरू संवादमा आउन जरुरी छ,' उनले भने-'संवादको माध्यमबाट समस्या समाधान गर्न सरकार तयार छ। तर, ढोका बन्द गर्ने काममा कोही नलाग्नुस्।'

प्रदेशलाई बलियो बनाउन कर्मचारी प्रशासनलाई मजबूत बनाउन सरकार लागिपरेको भए पनि केही कर्मचारी अदालत जाने प्रवृत्तिका कारण कर्मचारीको रिक्तताको प्रश्न गम्भीर रूपमा उठेको उनले बताए। 'हाम्रा साथीहरू अदालत धाएकै कारण कर्मचारीले जुन वृत्तिविकासको अवसर पाउने हो, त्यो ढिलाइ भयो,' उनले भने, 'अवसरलाई वञ्चित गर्न कर्मचारी साथीहरू नै लाग्यौं। ती नमिलेका कुराहरू मिलाउन सकिन्थ्यो, तर कर्मचारी साथीहरू ढोका नै बन्द गरेर लाग्यौं।'

संगठनका प्रदेश अध्यक्ष नेत्रप्रसाद आचार्य र महासचिव भिमलाल खनालले निजामती सेवालाई प्रभावकारी, भरोसायोग्य बनाउनुपर्नेमा जोड दिए। यस्तै, उनीहरुले प्रदेश सरकारले निजामती क्षेत्रमा देखिएको समस्या समाधान गर्नुपर्नेमा जोड दिए।




दैनिक लुम्बिनीको साप्ताहिक कोसेली

पाहुर

२०८१ चैत ३०, गते शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

मानिसका लागि
मानिसभन्दा ठूलो अरु क्यै हुन्न–
मानिसभन्दा ठूलो कुरो
तिमीले नखोजे पनि हुन्थ्यो,
मानिस मूल्य तिरेर तिमीले
तिमीले के पायौ कुन्नि–
तर मानिसलाई नबेचे पनि हुन्थ्यो।

– वासु शशी

# वर्षको अन्तिम तिर– "बाँच्ने प्रयत्न गरौं"



रामचन्द्र श्रेष्ठ

> संसारका हरेक क्रान्तिहरुसँगसँगै प्रतिक्रान्तिका सम्भावनाहरु पनि उत्तिकै हुन्छन् । त्यसैले क्रान्तिलाई कुनै एक आन्दोलन वा एक दिनको सत्ता परिवर्तन भन्दा पनि निरन्तर प्रक्रियाको रुपमा बुझिन्छ । क्रान्तिले पुरानो सत्तामा हालीमुहाली गरेकाहरुको 'स्वर्ग' खोसेका हुन्छ, त्यसैले ती सधैं पुराना दिनहरुको 'सुख'को गीत गुनुनाइरहन्छन् । तर, त्यो सुख तिनीहरुको नितान्तव्यक्तिगत हुन्छ । त्यस्तै पुरानो सत्ताको सामाजिक सत्ता पनि उत्तिकै बलियो हुन्छ ।

२०८१को अन्तिम तिर आइपुग्दा गणतन्त्रले आफ्नो औचित्य पुष्टि गर्नुपर्ने अवस्था आएको छ। गणतन्त्र माथि प्रश्नहरु खडा भएका छन् । यो दिन एक्कासी आएको होइन ।

संसारका हरेक क्रान्तिहरुसँगसँगै प्रतिक्रान्तिका सम्भावनाहरु पनि उत्तिकै हुन्छन् । त्यसैले क्रान्तिलाई कुनै एक आन्दोलन वा एक दिनको सत्ता परिवर्तन भन्दा पनि निरन्तर प्रक्रियाको रुपमा बुझिन्छ । क्रान्तिले पुरानो सत्तामा हालीमुहाली गरेकाहरुको 'स्वर्ग' खोसेका हुन्छ, त्यसैले ती सधैं पुराना दिनहरुको 'सुख'को गीत गुनुनाइरहन्छन् । तर, त्यो सुख तिनीहरुको नितान्तव्यक्तिगत हुन्छ । त्यस्तै पुरानो सत्ताको सामाजिक सत्ता पनि उत्तिकै बलियो हुन्छ । उक्त सामाजिक सत्ताको बलमा पुरानो सत्ता फर्काउने प्रयत्न सधैं रहन्छ । त्यसैले क्रान्तिले हरेक दिन नयाँ सम्भावना, नयाँ क्षितिज र नयाँ बिहानीतर्फ लम्काइरहन सक्नुपर्छ । क्रान्तिले आफुलाई पुष्टि गरिरहनुपर्छ ।

माओवादी सशस्त्र सङ्घर्ष, प्रतिगमन विरुद्धको आन्दोलन, मधेस आन्दोलन र जनजाति आन्दोलनको अनेक उथलपुथलबाट नेपालले सङ्घीयता, धर्मनिरपेक्षता, लोकतन्त्र, गणतन्त्र, समावेशी सिद्धान्तलाई अङ्गिकार गऱ्यो । जसरी संसारका हरेक परिवर्तनहरु पूर्णतया 'चोखो' हुँदैनन् त्यसैगरी यी आन्दोलनहरु पनि स्वार्थ, हिंसा, भूराजनीतिक चलखेलबाट मुक्त थिएनन् । तथापी २०६३ देखि २०७२ सम्मको लामो सङ्क्रमणकालपछि नेपालले नयाँ संविधान जारी गऱ्यो, त्यो पनि देशको एउटा पक्षको असहमति र छिमेकीको अघोषित नाकाबन्दीसँगै । सङ्क्रमणको लामो अवधि, भूकम्पको निर्मम प्रहार र नाकाबन्दीले नेपाली जनता थाकिसकेका थिए । संविधान घोषणाले एउटा अवसर र आशा सञ्चार गरेको थियो । २०७४ को निर्वाचनसँगै संविधान संस्थागत गर्ने शृंखला शुरु भयो । यो क्षण चुनौती र अवसरको थियो । परिवर्तनको नेतृत्व गरेका राजनीतिक दलहरुसँग समयले स्वर्णीम अवसर प्रदान गरेको थियो । त्यसमाथि देशका ठूला भनिने वामपन्थी दलहरु एकै ठाउँमा आएका थिए र संसदमा दुई तिहाई बहुमत थियो । नेपाली राजनीतिक अस्थिरताको अनवरत चक्रमा यो नविनतम घटना थियो । तर, यी सबै अवसरहरु उपयोग हुन सकेनन् । फलस्वरुपः समाज निराशाको थप ओरालो यात्रा झरिरह्यो ।

क्रान्ति निरन्तर प्रक्रिया हो । २०६३ पछिको यो लामो अवधिमा राजनीतिक दलहरुले परिवर्तनलाई विकसित गर्ने, सामाजिकीकरण गर्ने र सांस्कृतिक परिवर्तनको चरणमा जाने कष्ट साध्य यात्रा गर्नै चाहेनन् । आज पुनरुत्थानवादीप्रति फर्केर धारे हात लगाउनुपूर्व धेरैपटक आफ्नै छातीमाथि हात राखेर प्रश्न गर्न जरुरी छ ।

स्नातक अध्ययनरत विद्यार्थीहरुसँग धर्मनिरपेक्षताबारे चर्चा गर्दा उनीहरुले आफ्नो बुझाई राखे– धर्मनिरपेक्षता भनेको धर्म सजिलै परिवर्तन गर्न पाउनु हो । हाम्रो समाजमा धर्मनिरपेक्षताबारे यो कमजोर बुझाई किन भयो ? किनभने राजनीतिक दलहरुले धर्मनिरपेक्षताको दार्शनिक अवधारणालाई सामाजिकीकरण गर्ने कुनै कोशिस गरेनन् । धर्मनिरपेक्षता भनेको राज्यको धर्म नहुने र धर्म व्यक्तिगत स्वतन्त्रताको विषय हुनु हो भन्ने समाजमा स्थापित हुन सकेन । उल्टो राजनीतिक दलहरुले सत्ता अभ्यासका क्रममा धार्मिक पक्षधरतालाई औधी स्थान दिए । विद्यालय, सार्वजनिक पुस्तकालय, कला, साहित्य, संगीतमा राज्यको भूमिका बढाउनुको साटो मन्दिर, मस्जिद, गुम्बा र चर्चमा खर्च गरिए । दार्शनिक, वैज्ञानिक, अनुसन्धातालाई प्राथमिकता दिनुको साटो 'बाबा' र 'यज्ञ'हरुले स्थान पाए । संघदेखि स्थानीय सरकारसम्मका बजेटहरु पल्टाउने हो भने धर्मको नाममा भएका लगानी र ज्ञानको क्षेत्रमा गरिएको लगानीको तुलना लाजलाग्दो छ । राज्यले धार्मिक संस्थालाई मानवीय कार्यको लागि उत्प्रेरित गर्नुपर्ने थियो ।

'धर्मनिरपेक्षता'लाई धर्म परिवर्तनको 'तुच्छ' व्याख्या गर्ने पुनरुत्थानवादीहरुलाई सरल प्रश्न छ, 'विदेश'का चर्चहरुले 'मानवीय सेवा'को लागि कोष खडा गरेर संसारभर मानवीय कार्य गरिरहँदा हाम्रा मन्दिरहरुले के गरे ? पशुपतिनाथमा उठ्ने भेटीले 'अति सस्तो' क्यान्सर अस्पताल सञ्चालन गरेर अनुपम नमुना सिर्जना गरे हुन्न ? त्यो भन्दा ठूलो 'धर्म' संसारमा अरु केही होला ?

राजनीति ओरालो लागेपछि समाजमा हरेक संस्थाहरु ओरालो लाग्दा रहेछन् । राजनीतिक दलहरुलाई प्रश्न गर्नुपर्ने, आलोचना गर्नुपर्ने संस्थाहरुले राजनीतिक दलहरुभन्दा झनै तीव्र गतिमा ओरालो यात्रा लाग्न थाले । जुनसुकै समाजको बौद्धिक जमातले नेतृत्वलाई सँधै प्रश्न गरिरहनुपर्छ यस अर्थमा कि नेतृत्वलाई आफ्ना हरेक कदममा विचार गर्नुपर्नेहोस् । नेतृत्वका तर्कहिन, आधारहिन र अवैज्ञानिक तथ्यहरुलाई पनि बौद्धिक जमातले घण्टौ सुनेर बसिरह्यो । केही लेखनदासहरुले महिमामण्डन गरिरहे । परिणाम नयाँ पुस्ताको सचेत पंक्तीले यी 'फ्यालेसी'प्रति घृणाभाव राख्यो । सामाजिक सञ्जालमार्फत् त्यो घृणा समाजमा छताछुल्ल भयो । समाजमा आइपुग्दा सचेत 'आलोचना' पनि कतिपय अवस्थामा 'गाली' बनिदिन्छ । स्वार्थ समूहले त्यसलाई आफु अनुकुल प्रयोग गरिदिन्छ ।

समाज ओरालो लागेको अर्को उदाहरण हो– शैक्षिक संस्थाहरु । विज्ञान अध्यापन गर्ने शैक्षिक संस्थाहरुले आफ्ना कार्यक्रमहरु होटलहरुमा गर्न थाले र तिनका प्रमुख अतिथि बजारमा चलेका कलाकारहरु र तथाकथित 'उत्प्रेरक वक्ताहरु' हुन थाले । तिनले देशकै ख्यातिप्राप्त वैज्ञानिकहरु निम्ताएर नयाँ पुस्तालाई प्रेरणा प्रदान गर्न सक्थे । तर, यो समाजशास्त्री इमाइल दुर्खाइमको भाषामा 'एनोमी'को अवस्था हो ।

दुर्खाइमका अनुसारे समाजमा मूल्यहरु ओरालो लागेको अवस्था नै एनोमी हो । यो अवस्थामा व्यक्ति र समाजको दुरी बढ्दै जान्छ । सामाजिक ऐक्यबद्धता कमजोर हुन्छ ।

मान्छे एक्लो हुँदै जान्छ । आज हामीले नेपाली समाजमा निराशामात्र देखिरहेका छौ किनभने हामी एनोमीको अवस्थामा छौ । हामी मूल्यहरु ओरालो लागेको अवस्थामा छौ । मूल्यहरुको विघटन हाम्रो मुख्य समस्या हो ।

समाजलाई राजनीतिले नै डोहोऱ्याउने हो । राजनीतिलाई दर्शनले आधार प्रदान गर्ने हो । दर्शनले विचारधाराको निर्माण गर्छ । राजनीतिक दलका तत्कालीन कार्यक्रमहरु विचारधारामा आधारित हुन्छन् । तर, राजनीतिक दलहरु दर्शन विहिन हुन थाले । राजकीय सत्तालाई समाज परिवर्तनमा कसरी प्रयोग गर्ने हो, विकासका सैद्धान्तिक अवधारणा के हुन्, जनताका जीवनशैलीलाई उठाउने उपायहरु के हुन् जस्ता विषयमा राजनीतिक दलहरुमा घनीभूत छलफल हुनुपर्ने हो । दलहरुको निष्कर्ष र कार्यक्रमहरु राजनीतिक दलका जनप्रतिनिधिहरुले अभ्यास गर्ने हो । जनप्रतिनिधिलाई सुझाव र मूल्याङ्कन गर्ने दलीय संरचना हुनुपर्ने हो । तर, राजनीतिक दलहरु चुनावी टिकट बेच्ने अखडामा रुपान्तरण भए । समाज परिवर्तनको उद्देश्यले दलमा जीवन समर्पण गरेको कार्यकर्ता निराशाको सुस्केरा फेरिरहेछ, सत्ताको भाग खान आएको चैते नेताको आसेपासे बनेर अट्टहास गरिरहेछ । यो नै सबैभन्दा क्रुरतम दृश्य हो र यो नै सबैभन्दा भयानक प्रतिगमन हो ।

२०८१को अन्त्यतिर आइपुग्दा हामी दुई विपरीत दर्शनको 'झण्डा बोक्ने' दलहरुको संयुक्त शासन अनुभव गरिरहेछौं । उसो त सत्ताको अङ्कगणितका अगाडि न त 'प्रतिगामी' न त 'बुर्जुवा', न त 'साम्यवादी' रहन्छ । अङ्कगणित गंगाजल हो जसले हरेक वादका 'पाप'हरु पखालिदिन्छ ।

२०८१को अन्त्यतिर आइपुग्दा पुनरुत्थानवादीको बढ्दो साहस, अर्थतन्त्रको ओरालो तथ्याङ्क, विश्व जगत्मा नयाँ त्रास र युवाहरुको तीव्र निराशा घनिभूत छ । ट्रम्पको पुनरोदय, व्यापार युद्ध र युएसएड जस्ता संस्थाहरुको अवसानले नेपालजस्तो विश्व प्रणालीको सिमान्तकृत देशमा अनेकौं 'खतरा'हरु सिर्जना भएको छ । बढ्दो विश्व शक्ति सङ्घर्षमा सिमान्तका साना देशहरु सँधै दोस्रो विश्वयुद्धमा टुक्राइएको 'पोल्याण्ड' वा चेकोस्लाभाकियाको 'सुडेटुनल्याण्ड'को क्रुर सम्भावनामा पनि रहन्छन् । अर्कोतर्फ युद्धको विभिषिकाबीच पनि स्वीट्जरल्याण्ड बन्ने सम्भावना पनि रहन्छ । यो देशको नेतृत्वको कुटनीतिक पहलकदमीमा बढी भर पर्छ ।




निराशाको घोर अँध्यारोमा पनि आशाको किरण त बाँकी नै रहन्छ । युएसएडको सहयोग नहुँदा हाम्रा सामाजिक मुद्दाहरु आफ्नो भरमा उठाउने अवसर पनि रहन्छ ।

विश्व बजारमा व्यापार युद्ध हुँदा हाम्रा उत्पादनहरुले बजार पाउने सम्भावना पनि हुन्छ । हरेक अप्ठ्यारोमा प्रगतिको नयाँ सम्भावना पनि हुन्छ तर त्यसलाई देख्ने ज्ञानचक्षु हामीसँग हुनुपर्छ । हामीसँग समग्र समाजलाई 'मूल्य'तर्फ लैजाने र नयाँ सम्भावनाको खोजी गर्ने अठोट हुनुपर्छ । हाम्रा सामाजिक र राजनीतिक संस्थाहरुमा सुशासनको अभ्यास गर्ने अभियानको खाँचो छ । राजनीतिक दलहरु 'चुनाव टिकट' बेच्ने र 'हस् हजुर'को कारखानाबाट 'चिन्तन'को केन्द्र बनाइनु जरुरी छ ।

पुनरुत्थानवादीलाई धारे हात लगाउनुभन्दा आफ्ना प्रयत्नहरुलाई बढी जोड दिऔं । नयाँ वर्षको क्षितिज त्यति उज्यालो छैन । देश वायु र सामाजिक-राजनीतिक प्रदुषणले डम्म ठाकिएको छ । आउनुस्, श्वास फेरौं । फेरि बाँचौं । बाँच्ने प्रयत्न गरौं ।

## कविता

### दलित

**रोशन परियार(सञ्जय रोशन)**

मेरो नाम मेरो जात, यति फरक भो
म ज्यामी तिमी साहु,जागिर फरक भो
मेरो ज्याला तिम्रो तलब ,पैसा फरक भो
मेरो बाध्यता थियो आरनमा,फलाम पिट्ने
लुगा सिउने, माटोको भाँडा बनाउने
साधारण मजदुरी गर्ने
यसैले त मेरो श्रम
तिम्रो सोच फरक भने...

समान बल्ने र धकाले पनि
म कहिल्यै त्यो तराजुमा समान हुन सकिन
राज्य छुवाछुत मुक्त घोषणा भएपनि
किन सौतेनी व्यवहार गर्छ यो समाज
रोक लगाउँछ पार्टी, पौवा, पँधेरो
आखिर पाए मैले मानव भएर जन्म लिए पनि
मानव भएर जन्म लिए पनि ॥

पत्थर पुज्दथे म मूर्ति बनाइदिए
नाङ्गै हिँड्दथे म लुगा सिलाइदिए
पातपतिङ्गरमा खान्थे म भाडा बनाइदिए
त्यसैले त तिमी जस्ता सामन्ती मलाई दलित बनाइदिए।

के नै मर्छ कि नै ढल्छ
टुप्पी झनै काटी फाल्दा
समाज अघि तब बढ्छ
छुवाछुत गन्धकारमा
समानताको टुकी बाल्दा

यो यही समाज हो
जहाँ मेरो सीप चल्यो
कला ,गला दुवै चल्यो
चलेन त केवल पानी
सुहाएन त केवल जात
नत्र काटेर गत रातो बग्छ
पीडामा मन सबको दुख्छ
मैले छोएको पानी चल्दैन रे
सुन्यौ तिमीले

दुर्घटनामा रगत मेरो छुट्छ
खोई किन अझै यो समाज
ममाथि सौतेनी व्यवहार गर्छ ॥
(कक्षा १२, नविन औद्योगिक कदरबहादुर रीता मावि)

### तानाशाहको खोजी

**सुरेश सापकोटा**

आउनुहोस् एक तानाशाहको खोजी गरौं

हिजोसम्म चुइँक्क बोल्न नसक्नेहरू
आज के के भनि जानी नजानी चिच्याउँदै छन्
अस्तिसम्म अँध्यारोमा मस्त निदाएकाहरू
आज ब्युँझेर राँको बाल्न खौज्दैछन्
अघि भर्खरसम्मका तन्नम भोकाहरू
तपाई हाम्रो भकारी ताक्दैछन्
पोहोरसम्म हामीलाई ज्यू हजुर गर्ने हातहरू
यसपाली मुर्दावादको नारा लगाउँदैछन्

यिनीहरू बोल्दाबोल्दै धेरै बोल्न के बेर !
यिनीहरूले बालेको राँकोले
देशै जल्न कुन ठूलो कुरा !
यिनीहरूको पेट भर्दा भर्दै
देशकै भकारी रित्तिन के को आइतबार
यिनीहरूको नारा चर्किदै गएर
हाम्रो बोली सुक्दैन भन्ने के ग्यारेण्टी !
त्यसैले आउनुहोस् तानाशाहको खोजी गरौं
ऊ गए पछि
शहरमा के पुगेन के पुगेन जस्तो भएको छ
उसको हातको टीका जमरा लगाउन छोडेदेखि दशैं नै के हा
के हो जस्तो भएको छ
उसलाई दाम चढाएर ढोग्न नपाएदेखि
के बिर्से के बिर्से जस्तो लाग्छ
श्रीमान् गम्भीर गाउन नपाएदेखि जीवन नै खल्लो खल्लो लाग्छ
त्यसैले आउनुहोस्
यो शहरको शान बढाउन
मौसुफको उत्सव मनाउन
दाम चढाएर ढोगेको टिकटक बनाउन
नयाँ संगीतमा पुरानो भक्तिगान गाउन
एक तानाशाहको खोजी गरौं ।

दैनिक लुम्बिनी

र.जि.हु.द.न.१३/०६३/०६४

# दीपमा नतिजा प्रकाशन तथा पुरस्कार वितरण




बुटवल। बुटवल-८ सुख्खानगरमा रहेको दीप बोर्डिङ हाई स्कुलले उत्कृष्ट विद्यार्थीलाई पुरस्कार वितरण, सम्मान तथा विभिन्न साँस्कृतिक कार्यक्रम गरेको छ। विद्यालयले शैक्षिक सत्र २०८१ का शैक्षिक कार्यक्रम तथा अतिरिक्त कृयाकलापमा उत्कृष्टता हासिल गरेका विद्यार्थीहरुलाई पुरस्कृत गर्नुकासाथै लगनशिल विद्यार्थी तथा शिक्षक, कर्मचारीहरुलाई सम्मान गरेको हो।

विद्यालय सञ्चालक समितिका अध्यक्ष राजेन्द्रप्रसाद ध्वजुको अध्यक्षतामा भएको कार्यक्रममा बुटवल उपमहानगरपालिका वडानम्बर ८ का वडाध्यक्ष यज्ञप्रसाद पंगेनी, काठमाण्डौ विश्व विद्यालय स्कुल अफ एजेकेशनका एसोसियट डिन डा. हेमराज काफ्ले, एसिस्टेन्ट प्रोफेसर डा. सिद्धार्थ ढुङ्गाना, अभिभावक संघ लुम्बिनी प्रदेशका अध्यक्ष हेम थापा, अभिभावक संघ बुटवलका अध्यक्ष तेजेन्द्र खनाल, विद्यालयका प्राचार्य टिकाराम न्यौपाने, उपप्राचार्य ज्ञानु थापा, कलाधर अर्याल, सुरेन्द्रकुमार शाक्य, सदस्य बसन्त जोशी, शिक्षक छवी ज्ञवाली, विजय सापकोटा, विद्यार्थी आशिका थापालगायतले उत्कृष्टता हासिल गरेका र माथिल्लो कक्षामा पुगेका विद्यार्थीहरुलाई थप शैक्षिक सफलताको शुभकामना दिएका थिए। शिक्षक पुरुषोत्तम पाण्डेयको सञ्चालनमा कार्यक्रम भएको थियो।

# मगर युवा संघद्वारा शैक्षिक सामग्री वितरण

बुटवल। नेपाल मगर युवा संघ रुपन्देहीले जिल्लामा अध्ययनरत मगर समुदायका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण, नयाँ वर्षको शुभकामना आदान प्रदान र क्यालेण्डर विमोचन गरेको छ। संघले सामाजिक उत्तरदायित्वअन्तर्गत रुपन्देही जिल्लामा मगर युवा संघको समिति गठन भएका १० पालिकाका गरिब विद्यार्थीहरुलाई अध्ययनमा राहत दिन शैक्षिक सामाग्री प्रदान गरेको अध्यक्ष हेमन्त बुढाथोकीमगरले बताए। प्रत्येक पालिकावाट मगर समुदायका कक्षा ५ सम्म अध्ययनरत विद्याथीहरुमध्ये अति गरिब तथा जेहेन्दार मध्येबाट छनोट गरि शैक्षिक सामग्री प्रदान गर्न शुरु गरिएको अध्यक्ष बुढाथोकीमगरले बताए।

यो पहिलो पटकको प्रयास भएको र यसलाई क्रमश माथिल्लो कक्षा सम्म बढाउदै लगिने पनि उनले बताए। युवाहरु लडाईका दस्ता मात्र बन्नु हुदैन सिर्जनात्मक र सामाजिक काम गरेर आशाको किरण हुन् भन्ने कुरा स्थापित गर्न जरुरी रहेको समेत अध्यक्ष बुढाथोकीमगरले जनाए।

कार्यक्रममा नेपाल मगर संघका केन्द्रीय सह अध्यक्ष दलबहादुर विरकट्टा, नेपाल मगर संघकी केन्द्रीय उपाध्यक्ष गीता सारु ,नेपाल मगर संघकी केन्द्रीय उपमहासचिव कमला थापालगायतले मगरहरुको भाषा, संस्कृतिको संरक्षणका लागि राज्य गम्भीर हुन नसकेको, जातीय पहिचान कायम हुन नसकेको र शहिदहरुको सपना साकार पार्न मगरहरु लागि परेता पनि त्यो पुरा हुन नसकेको गुनासो गरे। मगरहरुका यावत समस्या समाधानका लागि मगर समुदायबिचमा एकता पनि जरुरी रहेको सो अवसरमा औल्याइएको थियो। नेपाल मगर युवा संघ रुपन्देही उपाध्यक्ष पहल सिंहरानाको स्वागतमा शुरु भएको कार्यक्रममा सचिव खिम आलेले सञ्चालन गरेका थिए। सोही अवसरमा नेपाल मगर युवा संघले प्रकाशन गरेको २०८२ सालको क्यालेन्डरको पनि विमोचन गरिएको थियो।

नेपाल नेत्र ज्योति संघ,

**लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर**

**श्री रण अम्बिका शाह आँखा अस्पताल**

सिद्धार्थनगर नगरपालिका- ३, रुपन्देही

# आवश्यकता

**प्रथम पटक प्रकाशित मितिः २०८१।१२। ३०**

नेपाल नेत्र ज्योति संघ/लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर अन्तर्गत संचालित बुटवल लायन्स आँखा अस्पतालको लागि देहायका पदमा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले योग्य ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त फाराम भर्न यो सूचना आह्वान गरिएको छ।

| S.N. | Designation | Req. No. | Academic Qualification (Minimum) | Workplace | Remarks |
|---|---|---|---|---|---|
| 1 | Ophthalmic AssistantNG-1st, Level 8(Technical) | 2 | PCL in Ophthalmic Assistant | Butwal Lions Eye Hospital, Butwal | Experienced is preferred in eye care service& NHPC registered. |
| 2 | Optical Dispenser, Level 1(Admin) | 1 | 10 pass | Butwal Lions Eye Hospital, Butwal | Experienced in skill base training on optical dispensing/grinding. |
| 3 | Office Helper, Level 1 (Admin) | 1 | 10pass | Butwal Lions Eye Hospital, Butwal | Experienced is preferred. |

**सेवाको किसिम र अवधि :-**

- उम्मेदवारहरुको छनौट अन्तर्वार्ता/प्रयोगात्मक माध्यमबाट गरिनेछ।
- सेवा, शर्त, सुविधा करार सम्झौता अनुसार हुनेछ।
- उमेरः- १८ बर्ष उमेर पुगेको र ३५ बर्ष उमेर ननाघेको र महिलाको हकमा १८ बर्ष उमेर पुगेको र ४० बर्ष ननाघेको।
- शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, वायोडाटा एवं हाल सम्मकार्य गरेको अनुभव प्रमाण पत्र लगायत अन्य आवश्यक कागजात राखि दरखास्त पेश गर्नु पर्नेछ।
- दरखास्तफारम शुल्क :- रु.५००/-।
- दरखास्त फारम,दस्तुर एंव अन्य सम्पूर्ण कार्य लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टरको प्रशासन शाखाबाट हुने व्यहोरा जानकारी गराईन्छ।
- अन्तर्वार्ताको मिति र समय अर्को सूचनाद्वारा जानकारी गराईनेछ।

**थप विस्तृत जानकारीको लागि**
**प्रशासन शाखा**
**फोन नं.०७१-५७३८२७**

**नयाँ वर्ष २०८२ को हार्दिक मंगलमय शुभकामना सहित**
**नगरवासीहरूमा हार्दिक अनुरोध**

- समयमै सम्पती तथा भूमिकर (मालपोत) तिरौं।
- विद्यालय जाने उमेर पुगेका बालबालिकालाई विद्यालयमा भर्ना गरौं।
- पूर्ण सरसफाइलाई कार्यान्वयन गरौं।
- स्थानीय तहमा देखिएको स-साना विवाद न्यायिक समिति मार्फत समस्या समाधान गरौं।
- स्वच्छ खानेपानी पियौं, घर आँगन सरसफाइ राखौं।
- कृषि सम्बन्धी विविध जानकारीलाई स्थानीय तहको कृषि शाखामा सम्पर्क गरौं।
- स्वास्थ्य सेवाबाट थप जानकारीका लागि स्थानीय तहको स्वास्थ्य शाखामा खबर गरौं।
- घर, आँगन तथा शौचालयहरु सधैं सफा राखौं।
- लैंगिक हिंसाको अत्य गरौं।

**अनुरोधक**
**भूमिकास्थान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
नुवाकोट, अर्घाखाँची

**नयाँ वर्ष २०८२ को हार्दिक मंगलमय शुभकामना सहित**
**गाउँवासीहरूमा हार्दिक अनुरोध**

- समयमै सम्पती तथा भूमिकर (मालपोत) तिरौं।
- विद्यालय जाने उमेर पुगेका बालबालिकालाई विद्यालयमा भर्ना गरौं।
- पूर्ण सरसफाइलाई कार्यान्वयन गरौं।
- स्थानीय तहमा देखिएको स-साना विवाद न्यायिक समिति मार्फत समस्या समाधान गरौं।
- स्वच्छ खानेपानी पियौं, घर आँगन सरसफाइ राखौं।
- कृषि सम्बन्धी विविध जानकारीलाई स्थानीय तहको कृषि शाखामा सम्पर्क गरौं।
- स्वास्थ्य सेवाबाट थप जानकारीका लागि स्थानीय तहको स्वास्थ्य शाखामा खबर गरौं।
- घर, आँगन तथा शौचालयहरु सधैं सफा राखौं।
- लैंगिक हिंसाको अत्य गरौं।

**अनुरोधक**
**पाणिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
दुर्गाफाँट, अर्घाखाँची

**नयाँ वर्ष २०८२ को हार्दिक मंगलमय शुभकामना सहित**
**नगरवासीहरूमा हार्दिक अनुरोध**

- समयमै सम्पती तथा भूमिकर (मालपोत) तिरौं।
- विद्यालय जाने उमेर पुगेका बालबालिकालाई विद्यालयमा भर्ना गरौं।
- पूर्ण सरसफाइलाई कार्यान्वयन गरौं।
- स्थानीय तहमा देखिएको स-साना विवाद न्यायिक समिति मार्फत समस्या समाधान गरौं।
- स्वच्छ खानेपानी पियौं, घर आँगन सरसफाइ राखौं।
- कृषि सम्बन्धी विविध जानकारीलाई स्थानीय तहको कृषि शाखामा सम्पर्क गरौं।
- स्वास्थ्य सेवाबाट थप जानकारीका लागि स्थानीय तहको स्वास्थ्य शाखामा खबर गरौं।
- घर, आँगन तथा शौचालयहरु सधैं सफा राखौं।
- लैंगिक हिंसाको अत्य गरौं।

**अनुरोधक**
**महाराजगञ्ज नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
महाराजगञ्ज, कपिलवस्तु

**नयाँ वर्ष २०८२ को हार्दिक मंगलमय शुभकामना सहित**
**गाउँवासीहरूमा हार्दिक अनुरोध**

- समयमै सम्पती तथा भूमिकर (मालपोत) तिरौं।
- विद्यालय जाने उमेर पुगेका बालबालिकालाई विद्यालयमा भर्ना गरौं।
- पूर्ण सरसफाइलाई कार्यान्वयन गरौं।
- स्थानीय तहमा देखिएको स-साना विवाद न्यायिक समिति मार्फत समस्या समाधान गरौं।
- स्वच्छ खानेपानी पियौं, घर आँगन सरसफाइ राखौं।
- कृषि सम्बन्धी विविध जानकारीलाई स्थानीय तहको कृषि शाखामा सम्पर्क गरौं।
- स्वास्थ्य सेवाबाट थप जानकारीका लागि स्थानीय तहको स्वास्थ्य शाखामा खबर गरौं।
- घर, आँगन तथा शौचालयहरु सधैं सफा राखौं।
- लैंगिक हिंसाको अत्य गरौं।

**अनुरोधक**
**मालारानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
खनदह, अर्घाखाँची

**नयाँ वर्ष २०८२ को हार्दिक मंगलमय शुभकामना सहित**
**गाउँवासीहरूमा हार्दिक अनुरोध**

- समयमै सम्पती तथा भूमिकर (मालपोत) तिरौं।
- विद्यालय जाने उमेर पुगेका बालबालिकालाई विद्यालयमा भर्ना गरौं।
- पूर्ण सरसफाइलाई कार्यान्वयन गरौं।
- स्थानीय तहमा देखिएको स-साना विवाद न्यायिक समिति मार्फत समस्या समाधान गरौं।
- स्वच्छ खानेपानी पियौं, घर आँगन सरसफाइ राखौं।
- कृषि सम्बन्धी विविध जानकारीलाई स्थानीय तहको कृषि शाखामा सम्पर्क गरौं।
- स्वास्थ्य सेवाबाट थप जानकारीका लागि स्थानीय तहको स्वास्थ्य शाखामा खबर गरौं।
- घर, आँगन तथा शौचालयहरु सधैं सफा राखौं।
- लैंगिक हिंसाको अत्य गरौं।

**अनुरोधक**
**छत्रदेव गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
केरुङ्गा, अर्घाखाँची

**नयाँ वर्ष २०८२ को हार्दिक मंगलमय शुभकामना सहित**
**नगरवासीहरूमा हार्दिक अनुरोध**

- समयमै सम्पती तथा भूमिकर (मालपोत) तिरौं।
- विद्यालय जाने उमेर पुगेका बालबालिकालाई विद्यालयमा भर्ना गरौं।
- पूर्ण सरसफाइलाई कार्यान्वयन गरौं।
- स्थानीय तहमा देखिएको स-साना विवाद न्यायिक समिति मार्फत समस्या समाधान गरौं।
- स्वच्छ खानेपानी पियौं, घर आँगन सरसफाइ राखौं।
- कृषि सम्बन्धी विविध जानकारीलाई स्थानीय तहको कृषि शाखामा सम्पर्क गरौं।
- स्वास्थ्य सेवाबाट थप जानकारीका लागि स्थानीय तहको स्वास्थ्य शाखामा खबर गरौं।
- घर, आँगन तथा शौचालयहरु सधैं सफा राखौं।
- लैंगिक हिंसाको अत्य गरौं।

**अनुरोधक**
**शीतगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ठाडा, अर्घाखाँची

**नयाँ वर्ष २०८२ को हार्दिक मंगलमय शुभकामना सहित**
**नगरवासीहरूमा हार्दिक अनुरोध**

- समयमै सम्पती तथा भूमिकर (मालपोत) तिरौं।
- विद्यालय जाने उमेर पुगेका बालबालिकालाई विद्यालयमा भर्ना गरौं।
- पूर्ण सरसफाइलाई कार्यान्वयन गरौं।
- स्थानीय तहमा देखिएको स-साना विवाद न्यायिक समिति मार्फत समस्या समाधान गरौं।
- स्वच्छ खानेपानी पियौं, घर आँगन सरसफाइ राखौं।
- कृषि सम्बन्धी विविध जानकारीलाई स्थानीय तहको कृषि शाखामा सम्पर्क गरौं।
- स्वास्थ्य सेवाबाट थप जानकारीका लागि स्थानीय तहको स्वास्थ्य शाखामा खबर गरौं।
- घर, आँगन तथा शौचालयहरु सधैं सफा राखौं।
- लैंगिक हिंसाको अत्य गरौं।

**अनुरोधक**
**सन्धिखर्क नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सन्धिखर्क, अर्घाखाँची

**नयाँ वर्ष २०८२ को हार्दिक मंगलमय शुभकामना सहित**
**नगरवासीहरूमा हार्दिक अनुरोध**

- समयमै सम्पती तथा भूमिकर (मालपोत) तिरौं।
- विद्यालय जाने उमेर पुगेका बालबालिकालाई विद्यालयमा भर्ना गरौं।
- पूर्ण सरसफाइलाई कार्यान्वयन गरौं।
- स्थानीय तहमा देखिएको स-साना विवाद न्यायिक समिति मार्फत समस्या समाधान गरौं।
- स्वच्छ खानेपानी पियौं, घर आँगन सरसफाइ राखौं।
- कृषि सम्बन्धी विविध जानकारीलाई स्थानीय तहको कृषि शाखामा सम्पर्क गरौं।
- स्वास्थ्य सेवाबाट थप जानकारीका लागि स्थानीय तहको स्वास्थ्य शाखामा खबर गरौं।
- घर, आँगन तथा शौचालयहरु सधैं सफा राखौं।
- लैंगिक हिंसाको अत्य गरौं।

**अनुरोधक**
**कृष्णनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कृष्णनगर, कपिलवस्तु

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**तरकारी खरिद बिक्री:**
दाङको घोराही उपमहानगरपालिका- १५ स्थित अमृतटोलमा रहेको कृषि उपज बिक्री केन्द्रमा शुक्रबार बिहान ताजा तरकारी खरिद गर्दै उपभोक्ता। तस्विरः कुलदीप न्यौपाने/रासस

# रुकुम पश्चिमा ७५ रोपनीमा लगाइएको अफिमखेती नष्ट



त्रिवेणी (रुकुम पश्चिम)। जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले पछिल्लो चैत महिनायता लागुऔषध अफिमखेती तीव्र रुपमा नष्ट गरिरहेको छ।

लागुऔषध अफिम तयारी हुने याम भएकाले प्रहरीले उत्पादन हुने सम्बन्धित ठाउँसम्म पुगेर नष्ट गरिरहेको हो। चार दिनको अवधिमा मात्रै जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले जिल्लाका विभिन्न ठाउँमा ७५ रोपनीमा लगाइएको लागुऔषध अफिमखेती नष्ट गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक प्रमेश विष्टले जानकारी दिए। उनका अनुसार अफिमखेती आठविसकोट नगरपालिका र सानीभेरी गाउँपालिकाको उच्च भूभागमा उत्पादन हुने गरेको छ। गत शुक्रबार आठविसकोट-१२ को ठूली बार्खूमा पाँच रोपनीमा लागाइएको अफिम नष्ट गरिएको थियो।

त्यस्तै, सोही नगरपालिका-३ कालापानी बाँस्तोला भन्ने स्थानमा गत आइतबार १० रोपनी, गत सोमबार सानीभेरी-६ छहरामा ४० रोपनी र आठविसकोट-३ पाटागाउँमा २० रोपनी गरेर चार दिनमा ७५ रोपनीमा लगाइएको लागुऔषध अफिमखेती नष्ट गरिएको जिल्ला प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक विष्टले जानकारी दिए।

जङ्गलमा खेती गर्ने गरिएकाले खेती गर्ने व्यक्तिको भने पहिचान हुन समस्या हुने गरेको प्रहरीले जनाएको छ। प्रहरीले थाहा पाएसम्म जहाँ खेती हुने गरेको छ, त्यहाँसम्म पुगेर अफिमखेती नष्ट गर्ने काम गरिहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य रणनीति कार्यान्वयनमा




बुटवल। लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना कार्यान्वयनमा आएको छ। प्रदेश सरकारको नेतृत्वमा स्थानीय तह र स्वास्थ्य विकास साझेदार संस्थासँगको सहकार्यमा उक्त रणनीति कार्यान्वयनमा आएको हो।

लुम्बिनी प्रदेशका अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत मेडिकल अधिकृतहरूलाई आधारभूत मानसिक स्वास्थ्यसम्बन्धी तालिम दिएर कार्ययोजना कार्यान्वयन गरिएको हो। मानसिक स्वास्थ्य सेवा प्रभावकारी बनाउन प्राथमिकतामा राखिएको लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले जानकारी दिए।

"नीति तथा कार्यक्रममा समावेश गरेर यो अभियानलाई अघि बढाएका छौँ। सबै उमेर समूहमा मानसिक स्वास्थ्यका समस्या देखिएका छन्", उनले भने-"मानसिक र सामाजिक स्वास्थ्य सुदृढीकरणका लागि रोमिङ नर्स सेवा विस्तार गरेका छौँ। मनोसामाजिक परामर्शदाता परिचालन गर्ने, बालविवाह न्यूनीकरण र प्रजनन् स्वास्थ्य सेवा प्रभावकारी बनाउनेतर्फ हामीले ध्यान दिएका छौँ।"

स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठले मानसिक स्वास्थ्य क्षेत्रलाई अझ सुधार गरेर अघि बढाउन प्राथमिकता राखिएको बताइन्।

प्राध्यापक डा. विद्यादेव शर्माले मानसिक स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्दै नीति तथा बजेट निर्माण गर्न सरकारलाई आग्रह गरे।

लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक रोशनलाल चौधरीले मानसिक स्वास्थ्य सेवा पहुँचयुक्त र स्वास्थ्यकर्मी सेवा प्रवाहमा चुस्त हुनुपर्नेमा जोड दिए।

लुम्बिनी प्रदेश सरकारको नेतृत्वमा सिएमसी-नेपालको प्राविधिक सहयोगमा निर्माण गरिएको पाँचवर्षे मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिअन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

सिएमसी-नेपालका नीति, रणनीति तथा सुशासन प्रमुख हिमाल गैरेले मानसिक स्वास्थ्य सेवाको पहुँच विस्तार गर्दै स्वास्थ्य केन्द्रहरूमा आवश्यक सेवा प्रवाह गरिने जानकारी दिए।

उनले विद्यालय, समुदाय र कार्यस्थलमा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन, मानसिक रोगको रोकथाम तथा सचेतना अभिवृद्धि, मानसिक स्वास्थ्यलाई अन्य सामान्य स्वास्थ्य सेवासँग जोड्ने, आत्महत्या रोकथामका लागि विशेष कार्यक्रम सञ्चालन गरिने बताए। प्रमुख गैरेले यसले जोखिममा परेका समूहको पहिचान र सहयोगमा मद्दत पुऱ्याउनुका साथै लागुऔषध नियन्त्रण र पुनःस्थापना केन्द्रहरूको सुदृढीकरण पनि रणनीतिमा समेटिएको जानकारी दिए।

# निर्माण क्षेत्रका श्रमिकको निःशुल्क स्वास्थ्य परीक्षण



पाल्पा। जिल्लामा निर्माण क्षेत्रमा काम गर्ने श्रमिकको निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ। भवन तथा बाटो निर्माणकर्मी सङ्घ पाल्पाले निर्माण क्षेत्रमा कार्यरत ५५० श्रमिकको शिविरमार्फत स्वास्थ्य परीक्षण गरेको हो।

निःशुल्क रुपमा स्वास्थ्य परीक्षण गराउन पाउँदा श्रमिक उत्साहित भएका थिए। स्वास्थ्य उपचार गराउन आएका रामबहादुर गहाले भने- "कामको व्यस्तता र पैसा नहुँदा स्वास्थ्य जाँच गर्न अस्पताल जान नसकेका बेला निर्माणकर्मी सङ्घले शिविरमार्फत स्वास्थ्य जाँच गर्ने अवसर दिएकामा खुसी लागेको छ।"-आफ्नो स्वास्थ्यप्रति हामी आफैँले लापरबाही गर्दै आएका रहेछौँ भन्ने महसुस भएको उनको भनाइ छ।

उनले श्रमिकहरूको स्वास्थ्य उपचार राज्यले निःशुल्क गर्ने व्यवस्था गर्न सके हामी जस्ताले अकालमा ज्यान गुमाउने अवस्थाको अन्त्य हुनेसमेत बताए। उनी जस्तै धेरै श्रमिक स्वास्थ्य परीक्षण गराउन पाउँदा खुसी देखिन्थे। दैनिक श्रममा व्यस्त हुँदा श्रमिकहरुलाई आफ्नो स्वास्थ्य अवस्थाबारे खासै जानकारी नहुने र स्वास्थ्य अवस्था जटिल भइसकेपछि मात्र अस्पताल पुग्ने अवस्थाको सिर्जना नहोस् भन्ने उद्देश्यले शिविरमार्फत् निःशुल्क स्वास्थ्य परीक्षण गरिएको सङ्घका अध्यक्ष सुरेश कर्माचार्यले बताए। उनले भने-"अधिकांश श्रमिक चेतनाको अभावका कारण रोग पालेर बस्ने गरेका छन्, जब जटिल अवस्था सिर्जना हुन्छ तब मात्र उनीहरु अस्पताल दौडिन्छन्, जसले गर्दा उनीहरु जोखिममा छन् भन्ने लागेर चेतनासँगै स्वास्थ्य परीक्षणको अभियान चलाएका हौँ।" अध्यक्ष कर्माचार्यले निर्माण क्षेत्रमा काम गर्ने धेरै जसो श्रमिकमा कुनै न कुनै समस्या रहेको जनाए।

उनले भने-"अधिकांश श्रमिकमा आफूलाई उच्च रक्तचाप, मधुमेह भएको समेत थाहा छैन, तर जाँच गर्दा उक्त समस्या देखिने गरेको छ, यस्तो अवस्थाको अन्त्य गर्न हामीले सचेतनासँगै स्वास्थ्य परीक्षण गरिदिएका हौँ।" निर्माण क्षेत्रमा काम गर्ने सबै श्रमिकको घर ठाउँमै पुगेर स्वास्थ्य जाँच, औषधि वितरणसँगै आवश्यक परामर्श दिने गरेको अध्यक्ष कर्माचार्यले बताए। उनले भने-"अब ६/६ महिनामा स्वास्थ्य परीक्षण गरिने र अहिले परीक्षण गराई औषधि सेवन गर्नेको बेला-बेलामा 'फलोअफ' गर्छौं।"

स्वास्थ्यकर्मीसहितको टोलीले ठाउँ-ठाउँमा पुगेर स्वास्थ्य जाँच गरेका हुन्। उनीहरुले स्वास्थ्य जाँचपछि आवश्यक औषधि र परामर्शसमेत दिएका छन्। जाँच गर्दा अधिकांश श्रमिकमा नसर्ने रोग बढी देखिएको युनाइटेड मिसन अस्पतालका डाइबेटिज काउन्सिलर दीपक बिसीले बताए। उनका अनुसार परीक्षण गरेकामध्ये ५० प्रतिशतमा उच्च रक्तचाप र ३० प्रतिशतमा मधुमेह देखिएको छ।

अन्य श्रमिकहरुमा ढाड दुख्ने, गोडा दुख्ने, कम्मर दुख्ने, छालासम्बन्धी समस्या देखिएको काउन्सिलर बिसीले जानकारी दिए। अधिकांश श्रमिकले अल्कोहल बढी सेवन गर्नेमा उच्च रक्तचाप र मधुमेहको समस्या बढी देखिएको उनको भनाइ छ। बिसीले भने-"हामीले जाँच गरेर आवश्यक औषधि दिने गरेका छौँ, त्यति मात्र होइन उहाँहरुलाई अल्कोहल नखान र खाएमा हुनसक्ने जोखिमका बारेमा परामर्श दिने गरेका छौँ।"

सङ्घमा आबद्ध भएका सबै श्रमिकको घर, टोल र कार्यस्थलमै पुगेर स्वास्थ्य परीक्षण गरिएको सङ्घका उपाध्यक्ष नीलकण्ठ देवकोटाले बताए। साँझ बिहानको जोहो गर्न मुस्किल पर्ने श्रमिकलाई निःशुल्क स्वास्थ्य शिविरले ठूलो राहत मिल्ने सङ्घका सचिव हुमराज बस्यालले विश्वास व्यक्त गरे। उनले भने-"धेरैलाई आफूलाई मधुमेह, उच्च रक्तचाप छ भन्नेसम्म हेक्का रहेन छ, जाँच गरेपछि मात्र उहाँले आफूहरुमा समस्या रहेको थाहा पाउनुभयो, यसले कम्तीमा पनि जोखिमबाट बच्न सतर्क बनाउनुभयो।"

# गुल्मीका ४८ प्रतिशत नागरिक स्वास्थ्य बिमाको पहुँचमा




गुल्मी। सामाजिक सुरक्षाअन्तर्गत सरकारले ल्याएको स्वास्थ्य बिमा कार्यक्रमप्रति जिल्लाका नागरिकको आकर्षण बढ्दै गएको छ। स्वास्थ्य उपचारमा सहज पहुँच स्थापित गराउने उद्देश्यले सुरु गरिएको स्वास्थ्य बिमा कार्यक्रमबाट जिल्लाका ४८ दशमलव छ प्रतिशत नागरिकले सेवा लिएका छन्।

सर्वसाधारणलाई गुणस्तरीय उपचार प्रदान गरी स्वास्थ्य सेवाको सुनिश्चित गर्ने लक्ष्यका साथ जिल्लामा विसं २०७६ माघ १९ गतेदेखि स्वास्थ्य बिमा कार्यक्रम सुरु गरिएको थियो। बाह्र पालिका रहेको जिल्लामा विसं २०७८ को जनगणना अनुसार दुई लाख ४६ हजार ८३६ जनसंख्या छ। हालसम्म जिल्लाका एक लाख १९ हजार ९५४ जनाले स्वास्थ्य बिमा गराएका जिल्लास्थित स्वास्थ्य बिमा बोर्डका संयोजक सुवास घिमिरेले जानकारी दिए। सरकारले ल्याएको स्वास्थ्य बिमा कार्यक्रमको महत्व र प्रभावकारिता नागरिकले बुझ्न थालेपछि बिमा गर्नेको संख्या बढिरहेको उनले बताए।

घिमिरेका अनुसार जिल्लामा सबैभन्दा बढी रेसुङ्गा नगरपालिकाका २३ हजार ३९ र सबैभन्दा कम मदानेका तीन हजार ३६० नागरिकले स्वास्थ्य बिमा गराएका छन्।

सरकारले ज्येष्ठ नागरिक, एचआइभी सङ्क्रमित, कुष्ठरोगी र जटिल खालका क्षयरोगीको निःशुल्क स्वास्थ्य बिमा गरिदिने गरेको संयोजक घिमिरेले बताए। ज्येष्ठ नागरिक (७० वर्ष माथिका) १६ हजार ९५४, एचआइभी सङ्क्रमित १६५ परिवारको ४८१, कुष्ठरोगी तीन परिवारका १२ जना, 'क' वर्गका अपाङ्गता भएका ७७१ परिवारका तीन हजार ८८३ र जटिल खालको क्षयरोग लागेका छ। परिवारका २५ जना नागरिकले निःशुल्क स्वास्थ्य बिमाको सुविधा लिएका स्वास्थ्य बिमा बोर्ड गुल्मीले जनाएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com